सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

नव वर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को अवसरमा मधेस प्रदेश सहित सम्पूर्ण उद्योगी, व्यवसायी, व्यापारी, ग्राहक वर्ग तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



सि.ए. प्रमोद कुमार साह

अध्यक्ष

नेपाल उद्योग परिसंघ मधेस प्रदेश (CNI)

♦ वर्ष ९ ♦ अंक २२२ ♦ २०८३ साल वैशाख ५ शनिवार ♦ 18 April 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# मधेस प्रदेश: एक वर्षमै ‘स्थानीय सेवा ऐन’ पुनर्लेखनको तयारी, संरचनागत कमजोरी उजागर

**खबर दर्पण समाचारदाता**

**वैशाख ४ गते, बर्दिवास**





एक वर्षअघि मात्रै प्रदेश सभाबाट पारित गरिएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ गम्भीर त्रुटिपूर्ण रहेको निष्कर्षसहित मधेश प्रदेश सरकारले ऐनलाई संशोधन नगरी सिधै पुनर्लेखन गर्ने प्रक्रिया अघि बढाएको छ। ऐन कार्यान्वयनमा आएको छोटो समयमै यसको विभिन्न प्रावधानहरूमा संरचनागत कमजोरी, अस्पष्टता तथा अपूर्णता देखिएपछि सरकार यस्तो निर्णयमा पुगेको हो।

प्रारम्भिक चरणमा प्रदेश सरकारले केही सीमित दफामा मात्र त्रुटि रहेको ठहर गर्दै संशोधनमार्फत समस्या समाधान गर्ने तयारी गरेको थियो। तर, पछिल्लो विस्तृत अध्ययनले ऐनका आधारभूत पक्षमै कमजोरी रहेको देखाएपछि संशोधन पर्याप्त नहुने निष्कर्ष निकालिएको हो। त्यसअनुसार अब नयाँ सन्दर्भमा ऐन पुनः लेखन गर्न आवश्यक ठानिएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सुरुवाती रूपमा अन्तरप्रदेश सरुवा, स्वास्थ्य सेवातर्फका कर्मचारीको बढुवा, सेवा सर्तलगायत विषयमा देखिएका समस्याहरू समाधान गर्ने उद्देश्यले प्रारम्भिक मस्यौदा तयार गरी मुख्यन्यायाधिवक्ताको कार्यालयमा पठाएको थियो। तर, त्यसपछिको कानुनी परीक्षणले ऐनका धेरै महत्वपूर्ण पक्षहरू नै कमजोर र अधुरा रहेको देखाएको छ।

मुख्यन्यायाधिवक्ता डा. सुनिलरञ्जन सिंह का अनुसार विस्तृत अध्ययनका क्रममा ऐनले समेट्नुपर्ने धेरै विषय छुटेका छन्। “सुरुमा केही दफामा मात्र समस्या देखिएको थियो, तर गहिरो अध्ययनपछि ऐनमा व्यापक कमजोरी रहेको पाइयो। केही महत्वपूर्ण विषय नै समावेश नभएकाले पटक-पटक संशोधन गर्नु भन्दा पुनर्लेखन गर्नु नै उपयुक्त देखिएको हो,” उनले बताए।

उनका अनुसार विशेषगरी सामाजिक परिचालिका सम्बन्धी स्पष्ट व्यवस्था नहुनु, कर्मचारी व्यवस्थापनमा अन्योल, तथा अन्तरप्रदेश सरुवा र बढुवामा विवाद सिर्जना हुने खालका

*बाँकी पृष्ठ ३ मा*

# वटेश्वरमा एक पुरुषको शव फेला

**खबर दर्पण समाचारदाता**

**वैशाख ४ गते, महेन्द्रनगर**

धनुषामा एक पुरुषको शव फेला परेको छ । इलाका प्रहरी कार्यालय महेन्द्रनगर धनुषाका अनुसार बटेश्वर गाउँपालिका-४ स्थित बाँसघारीमा एक पुरुषको शव फेला परेको हो । शव बटेश्वरकै स्थानीय ६० वर्षीय जगतबहादुर थापा रहेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार आज सोही वडाका जगदीश रविदासको बाँसघारीमा थापाको शव फेला परेको हो । मृतकका छोरा अमित थापाका अनुसार उनी बुधबार साँझदेखि घरबाट बेपत्ता भएका थिए । बेपत्ता हुनुअघि उनले मादक पदार्थ सेवन गरेको जानकारी दिइएको छ ।

शव फेलापरेको सूचना पाएपछि इलाका प्रहरी कार्यालय सखुवा महेन्द्रनगरबाट खटिएको प्रहरी टोली घटनास्थल पुगेर अनुसन्धान सुरु गरेको प्रहरी निरीक्षक राजाराम यादवले जानकारी दिए ।

प्रारम्भिक अनुसन्धानका आधारमा अत्यधिक मदिरा सेवनका कारण मृत्यु भएको हुनसक्ने अनुमान गरिएको प्रहरीले जनाएको छ। शवको प्राकृतिक मुचुल्का उठाई शव परीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएको छ ।

# सर्वोच्च अदालतले थापा पक्षलाई दियो आधिकारिक कांग्रेसको मान्यता

**खबर दर्पण समाचारदाता**

**वैशाख ४ गते, बर्दिवास**



सर्वोच्च अदालतले गगन थापा पक्षलाई आधिकारिक कांग्रेसको मान्यता दिएको छ । न्यायाधीशद्वय शारंगा सुवेदी र नृपध्वज निरौलाको इजलासले शुक्रबार शेरबहादुर देउवा पक्षले दर्ता गरेको रिट खारेज गर्दै उक्त फैसला सुनाएको हो । यो फैसलासँगै ३ महिनादेखि जारी कांग्रेसको

*बाँकी पृष्ठ ३ मा*

शिरीष संचार समूह

नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

खबर दर्पण राष्ट्रिय दैनिक | शिरीष खबरपत्रिका साप्ताहिक | शिरीष न्युज | Radio Rupantaran परिवर्तनकालागि १०६.३ Mhz

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रो संचार संस्थाहरु पत्रिका, अनलाईन र रेडियो बाट एकै साथ प्रकाशन प्रसारण हुने गरी विज्ञापनमा विशेष प्याकेज सहित अत्यधिक छुटमा विभिन्न विज्ञापनको योजनाहरु लागु गरिएको हुँदा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८०४८५२६९६, ९८४४०७२८५९, ९८४४०३९८५६

# मधेसमा हरायो कोदो



विशाल बस्नेत

**वैशाख ४ गते, बर्दिवास**

कुनै समय कोदो भन्नासाथ समाजको वर्गीय संरचनालाई झल्काउँथ्यो। गाउँघरमा कोदो खानेलाई गरिबको प्रतीकका रूपमा हेरिन्थ्यो भने भात खानेहरूलाई सम्पन्नताको सूचक मानिन्थ्यो । यही वर्गीय सोचले विस्तारै कोदोप्रतिको आकर्षण घट्दै गयो। परम्परागत रूपमा पोषिलो र स्वास्थ्यका लागि लाभदायक मानिने कोदो, आधुनिकताको दौडमा पछाडि पर्दै गयो । पछिल्ला वर्षहरूमा स्वास्थ्यप्रतिको चेतना बढेसँगै जब कोदोको महत्व फेरि उजागर भयो तब मधेसबाट नै लोप भयो। कुनै बेला मधेसमा मुख्य खेतीको रूपमा उत्पादन हुने कोदो(मडुवा) अहिले लगभग लोप भएको छ। यसलाई माडेर दाना निकाल्ने भएकाले यहाँ मडुवा पनि भनिन्छ। 'हामीले आफ्नै परम्परागत सम्पदालाई किन बेवास्ता गर्‍यौं ? जबसम्म कोदो गरिबको खाना भनेर चिनिन्थ्यो, तबसम्म यसको उपेक्षा गरियो । अहिले हेल्थ फुडको रूपमा यसको पहिचान स्थापित हुँदै जाँदा भने यसको खोजी भइरहेको छ।' स्थानिय धनबहादुर खत्रीले भने। 'अब पुनर्जागरण गर्नुपर्ने देखिन्छ।'

कोदोको महत्व हराउनुमा वर्गीय सोच मात्र होइन, सांस्कृतिक परिवर्तन पनि उत्तिकै जिम्मेवार छ। नयाँ पुस्ताले परम्परागत खानाभन्दा आधुनिकता झल्काउने परिकार रोज्न थालेको कारणले पनि कोदो लोप हुन थालेको स्थानीय बताउँछन्। अर्कोतर्फ, तीव्र सहरीकरणले कोदोको अस्तित्वलाई चुनौती दिएको स्थानीय बलबहादुर खत्रीको बुझाइ छ। 'सहरीकरणकै प्रभावले खेतबारी मासिए, जग्गा प्लटिङ हुन थाल्यो र कृषिमा निर्भर जीवनशैली बिस्तारै हराउँदै गयो।' उनले भने। 'जसले गर्दा कोदोजस्तो परम्परागत बाली उत्पादनमा प्रत्यक्ष असर परेको छ । यसले गर्दा बिस्तारै कोदो खेती गर्ने किसानहरू निरुत्साहित भएको नै देखिन्छ।' सरकारले समेत धान, मकै र गहुँलाई राष्ट्रिय बाली घोषणा गरेको छ। तर कोदो उपेक्षामा नै परेको देखिएको छ। कृषिविज्ञहरू सिँचाइ गर्न नपर्ने र कम पानीमा समेत अनुकूल हुने भएकाले मधेसमा कोदो उपयुक्त विकल्प भएको बताउँछन्।

महोत्तरीका स्थानीय रामजनम महतो पनि कोदो लोप हुनुमा नयाँ पुस्ताको अरुचि नै भएको बताउँछन्। कोदोलाई हामी मरुवा भन्थ्यौं। पहिले त धेरै उत्पादन हुन्थ्यो । तर छोराछोरीले खानै मन पराउँदैनथे, त्यसैले हामीले धानलाई प्राथमिकता दियौं। उनी थप्छन्, 'अहिले भने बजारमा कोदोको माग बढेको छ, तर उत्पादन नै छैन। जसले पनि खोज्छ, तर पाउन गाह्रो छ।' कृषि सूचना तथा प्रशिक्षण केन्द्रका अनुसार कोदोको उत्पत्ति अफ्रिकाको इथियोपिया र युगान्डामा कोदो जस्तै जंगली झार बाट खेती गर्दागर्दै कोदोको प्रजातिको विकास भएको मानिन्छ। कोदोको उत्पत्ति कहिले भएको एकिन नभए पनि भारतीय द्वीपमा ३ हजार वर्षभन्दा पहिले प्रवेश भएको मानिन्छ। नेपालको पहाडी क्षेत्रमा अहिले खेती भए पनि तराईमा भने यो लोप भइसकेको छ। धान उत्पादन हुने ठाउँको खोजीमा तराई झरेका पहाडी समुदायका मानिसहरूले भने अहिले पनि कतिपय ठाउँमा कोदो खेती गरिरहेको देखिएको छ । विशेषगरी चुरे क्षेत्रमा कोदोको उत्पादन भइरहेको प्रदेश कृषि कार्यालयले जनाएको छ।

देशका ७७ वटै जिल्लामा उत्पादन हुने कोदो उत्पादनको तथ्यांक हेर्दा ३.२ प्रतिशत क्षेत्रफलमा पनि उत्पादन नभएको कृषि प्रशिक्षण केन्द्रको तथ्यांकमा उल्लेख छ। बरु कोदोको आयात भने बढ्दै गएको देखिएको छ। आव २०७९/०८० मा मात्र ७३ करोड ३२ लाख रुपैयाँ बराबरको १८ हजार ४०३ मे.टन कोदो विदेशबाट आयात भएको तथ्यांक छ। कोदो स्वास्थ्यका दृष्टिकोणले समेत निक्कै लाभदायक छ। यो पौष्टिकताले भरिपूर्ण छ भन्ने विभिन्न अध्यनहरूले प्रमाणित भइसकेको छ। विज्ञहरूको अनुसार कोदोमा चामल र मकैमा भन्दा ३५ गुणा र गहुँमा भन्दा ८.७३ गुणा बढी क्याल्सियम पाइन्छ। यसमा चामलमा भन्दा २.३ गुणा, गहुँमा भन्दा १.५ गुणा र मकैमा भन्दा ३.७ गुणा बढी फलामको मात्रासमेत पाइन्छ । बालबालिका, गर्भवती महिला, मधुमेह र रक्तचापको बिरामीलाई यसको सेवनबाट फाइदा पुग्ने अनसुन्धानबाटसमेत पुष्टि भइसकेको चिकित्सक प्रविन मिश्र बताउँछन्।

## जलवायु परिवर्तनपछिको उपयुक्त बाली

मधेस अहिले पानी संकटको गम्भीर चपेटामा छ। वर्षौंदेखि कृषिमा आश्रित यो क्षेत्र पछिल्लो समय घट्दो वर्षा र सुक्दै गएको भूमिगत पानीका कारण चुनौतीपूर्ण अवस्थाबाट गुज्रिरहेको छ। एक समय धान र तरकारी उत्पादनका लागि परिचित क्षेत्रहरूमा अहिले बिस्तारै हरियाली हराउँदै गएको दृश्य सामान्य बन्दै गएको छ। पर्याप्त वर्षा नहुँदा भूमिगत पानीको सतह दिनानुदिन घटिरहेको छ। ट्युबवेल र इनारहरू सुक्न थालेपछि सिँचाइमा निर्भर खेतीपाती प्रभावित भएका छन्। यसको सिधा असर किसानको जीवनशैलीमा परेको छ। कतिपयले खेती नै छाड्न थालेका छन् भने कतिपय विकल्पको खोजीमा अलमलमा छन्। धान फल्ने जमिनमा धान नहुँदा र तरकारी उत्पादन हुने क्षेत्रमा उत्पादन घट्दा खाद्य सुरक्षामै प्रश्न उठ्न थालेको छ। त्यसमाथि खानेपानीको अभावले समस्या झनै जटिल बनाएको छ। यस्तो अवस्थामा अब के गर्ने ? भन्ने प्रश्न मधेसका धेरै किसानका लागि साझा चिन्ता बनेको छ।

विशेषगरी कम पानीमा उत्पादन हुने र सुक्खा वातावरणमा समेत टिक्न सक्ने बालीतर्फ ध्यान दिनुपर्ने सुझाव उनीहरूको छ। यही सन्दर्भमा कोदो फेरि चर्चामा आउन थालेको छ। एक समय गरिबको खाना भनेर हेपिएको कोदो अहिले जलवायु अनुकूल बालीका रूपमा पुन: स्थापित हुँदै छ। जलवायुविज्ञहरूका अनुसार कोदोले न्यून पानीमै राम्रो उत्पादन दिन सक्छ र सुक्खा क्षेत्रमा पनि सजिलै हुर्कन सक्छ। त्यसैले बदलिँदो जलवायु सन्दर्भमा मधेसका लागि यो उपयुक्त विकल्प बन्न सक्ने देखिन्छ। आधुनिकता र बदलिँदो खानपान संस्कृतिले विस्थापित गरेको कोदोप्रतिको चासो अहिले फेरि बढ्न थालेको छ। बजारमा यसको माग विस्तारै बढ्दै जाँदा किसानका लागि आयआर्जनको नयाँ सम्भावना पनि देखिएको छ। पोषणका हिसाबले समेत समृद्ध मानिने कोदो स्वास्थ्यप्रेमी पुस्तामाझ लोकप्रिय बन्दै गएको छ।

किसानलाई आवश्यक तालिम र प्रोत्साहन उपलब्ध गराउन सकेमा कोदो वैकल्पिक बाली मात्र होइन, संकटको समाधानको आधार पनि बन्न सक्ने स्थानीय किसान रामचन्द्र खडकाको बुझाइ रहेको छ। कोदो जलवायु अनुकूलित बालीको रूपमा यसका विशेषताहरूले पनि प्रमाणित गरिसकेको छ। सुक्खा र अल्प वर्षा (वार्षिक ८००-१२०० मिलिमिटर) र उर्वराशक्ति कम भएको माटोमा पनि सहजै फल्न सक्ने बालीको रूपमा कोदोलाई लिइएको छ। समुद्र सतहबाट ३०० मिटरदेखि ३ हजार मिटरसम्मको उचाइमा कोदो खेती गर्न सकिन्छ। १२० दिनदेखि १८० दिनको अवधिमा पाक्ने बाली धानभन्दा छोटो अवधिमा तयार हुन्छ।सन् २०२१ मा भएको संयुक्त राष्ट्रसंघको ७५औं सभाले 'खाद्य पोषण सुरक्षा वातावरण तथा ग्रामीण रूपान्तरणमा कोदोजन्य बाली' भन्ने नारासहित सन् २०२३ लाई अन्तर्राष्ट्रिय कोदोजन्य बाली वर्ष घोषणा गरेको थियो। सबैभन्दा धेरै कोदो उत्पादन गर्ने मुलुक भारत हो। यस हिसाबले नेपाल १३औं स्थानमा पर्छ। वार्षिक १७ मिलियन टन कोदो उत्पादन गर्ने भारतले विश्वव्यापी रूपमा कुल क्षेत्रफलको ४० र उत्पादनको २० प्रतिशत कोदो उत्पादन गर्ने तथ्यांक छ।

व्यक्तिगत घटना दर्ता सप्ताह
२०८३ साल बैशाख १ देखि ७ गतेसम्म
व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाईंसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं / गराऔं।
जनकपुरधाम उपमहानगरपालिका

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# सर्वोच्च अदालतले थापा पक्षलाई....

आधिकारिकता विवाद कानुनी रुपमा टुंगिएको छ ।

गत वर्षको पुस अन्तिम साता सम्पन्न विशेष महाधिवेशनले गगन थापालाई सभापतिमा चयन गरेको थियो । त्यसविरुद्ध तत्कालीन सभापति शेरबहादुर देउवा पक्षको निवेदनमा निर्वाचन आयोगले थापा पक्षलाई नै आधिकारिकता दिएपछि देउवा पक्ष ४ माघ २०८२ मा सर्वोच्च अदालत गएको थियो । गत महिना थापा पक्षले पार्टीको नियमित १५औं महाधिवेशनको कार्यतालिका सार्वजनिक गरेको थियो । त्यसपछि देउवा पक्षले उक्त कार्यतालिका कार्यान्वयन नगर्ने आदेश दिन माग गर्दै सर्वोच्च अदालतमा अर्को निवेदन दिएको थियो ।

गत मंसिरमा कांग्रेसको १४औं महाधिवेशनबाट निर्वाचित कार्यसमितिको कार्यकाल सकिएपछि पार्टीमा महाधिवेशन निर्वाचन अगाडि वा पछाडि गर्ने भन्नेमा विवाद भएको थियो । विवाद बढ्दै जाँदा थापा पक्षले विशेष महाधिवेशन गरेको थियो ।

२१ फागुनमा सम्पन्न निर्वाचनमा कांग्रेसका उम्मेदवार ले समानुपातिक प्रणालीतर्फको उम्मेदवारी तत्कालीन सभापति देउवाको हस्ताक्षरमा र प्रत्यक्षतर्फको निर्वाचन थापाको हस्ताक्षरमा प्रतिस्पर्धा गरेका थिए । निर्वाचनमा ठूलो पराजय व्यहोरेपछि थापाले राजीनामा दिए पनि केन्द्रीय कार्यसमितिले अस्वीकार गरेको थियो । त्यसयता थापाले नै पार्टीको नेतृत्व सम्हाल्दै आएकोमा भने देउवा पक्षले भने समानान्तर गतिविधि सुरु गरिरहेका छन् । देउवाले तत्कालीन समयमा कार्यवाहक सभापतिको जिम्मेवारी दिएका पूर्णबहादुर खड्काले सोही हैसियतमा पार्टीको लेटरप्याड प्रयोग गर्दै विज्ञप्ति निकालिरहेपछि पार्टीको अनुशासन समितिले उनलाई बुधबार ७ दिनको समय दिएर स्पष्टीकरण सोधेको थियो । खड्काले भने उक्त निर्णयलाई हास्यास्पद भन्दै स्पष्टीकरण नदिने बताएका थिए ।

## व्यक्तिगत घटना दर्ता सप्ताह

**२०८३ साल बैशाख १ देखि ७ गतेसम्म**

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाईंसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौ / गराऔं ।

**वलवा नगरपालिका, महोत्तरी**

आयुर्वेद हाम्रो परम्परागत चिकित्सा प्रणाली हो जसले प्राकृतिक तरिकाले स्वास्थ्य जोगाउन र रोगबाट बच्न मद्दत गर्छ । यो एक प्राचीन अभ्यास हो। यसले शरीर, मन र आत्मालाई सन्तुलनमा राख्न मद्दत गर्छ ।

**आयुर्वेदका मुख्य सिद्धान्त**

शरीर तीन दोष (वात, पित्त, कफ) बाट बनेको हुन्छ
यी दोषहरूको सन्तुलन बिग्रिँदा रोग लाग्छ
प्राकृतिक औषधि र जीवनशैली सुधारबाट उपचार सम्भव हुन्छ

**आयुर्वेदका फाइदाहरू**

प्राकृतिक र साइड इफेक्ट कम हुने उपचार
रोग लाग्नुभन्दा पहिले नै रोकथाममा सहयोग
पाचन प्रणाली सुधार
रोग प्रतिरोधात्मक क्षमता बढाउँछ
आफैंले औषधि प्रयोग नगर्नुहोस्, विशेषज्ञको सल्लाह लिनुहोस्
जडीबुटीको सही मात्रा र प्रयोग विधि जान्नु आवश्यक छ
स्वच्छता र सन्तुलित आहार अत्यन्त महत्वपूर्ण छन्
आधुनिक चिकित्सा र आयुर्वेद दुवैको सन्तुलित प्रयोग गर्नु राम्रो हुन्छ
“प्रकृतिसँग नजिक रहौं, आयुर्वेद अपनाऔं, स्वस्थ जीवन बिताऔं।”

अनुरोधकर्ता :

**जनकपुरधाम उपमहानगरपालिका**

धनुषा , जनकपुरधाम
मधेश प्रदेश

# मधेस प्रदेश: एक वर्षमै ....

प्रावधानहरू ऐनका प्रमुख कमजोरीका रूपमा देखिएका छन्। यी समस्याले प्रशासनिक प्रणालीमै अस्थिरता ल्याउने जोखिम रहेको उनको भनाइ छ।

ऐन लागू भएसँगै व्यवहारिक समस्या सतहमा आउन थालेका थिए। विशेषगरी अन्तरप्रदेश सरुवा र बढुवाको विषयलाई लिएर कर्मचारीहरू आन्दोलनमा समेत उत्रिएका थिए। तत्कालीन सरकार ले वार्ता र आश्वासनमार्फत आन्दोलन स्थगित गराए पनि समस्या दीर्घकालीन रूपमा समाधान हुन सकेको थिएन। स्थानीय तहमा कर्मचारी व्यवस्थापन, पदपूर्ति, सेवा सर्त तथा पदोन्नति प्रक्रियामा अन्योल बढ्दै जाँदा सेवा प्रवाहमा समेत प्रत्यक्ष असर परेको बताइन्छ। प्रशासनिक कामकाज सुस्त हुनुका साथै कर्मचारीबीच असन्तुष्टि बढेको छ। मुख्यमन्त्री कार्यालयका प्रवक्ता रोहित कोइराला ले ऐन पुनर्लेखनको प्रारम्भिक मस्यौदा तयार भइसकेको जानकारी दिए। उनका अनुसार उक्त मस्यौदालाई अब मन्त्रिपरिषद्मा छलफल गरी आवश्यक संशोधनपछि प्रदेश सभामा पेश गरिनेछ।

“कानुन निर्माण प्रक्रिया हतारमा होइन, गहिरो अध्ययन र बहुपक्षीय छलफलमा आधारित हुनुपर्छ,” उनले भने, “प्रारम्भिक मस्यौदादेखि नै सरोकारवालासँग संवाद, विज्ञहरूको सुझाव र सदनमा गहिरो बहस आवश्यक हुन्छ। त्यसपछि मात्रै ऐन परिपक्व र कार्यान्वयनयोग्य बन्छ।”

एक वर्षको छोटो अवधिमै ऐन पुनर्लेखन गर्नुपर्ने अवस्था आउनु भने सरकार र प्रदेश सभाको कार्यक्षमतामाथि प्रश्न उठाउने विषय बनेको छ। कानुन निर्माणजस्तो संवेदनशील क्षेत्रमा हतारो, कमजोर तयारी र अपर्याप्त बहसले दीर्घकालीन रूपमा प्रशासनिक संरचना र सेवा प्रवाहमा नकारात्मक असर पार्ने विश्लेषकहरूको चेतावनी छ।

यस परिप्रेक्ष्यमा, आगामी दिनमा तयार गरिने नयाँ ऐनले विगतका कमजोरी सुधार्दै स्पष्ट, व्यावहारिक र समावेशी व्यवस्था सुनिश्चित गर्नुपर्ने चुनौती सरकारसामु देखिएको छ।







## शिरीष अफसेट प्रेस

**बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी**

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,

✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प

✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
✓फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# पाँचौं लालगढ युवा समाज कप फुटबल प्रतियोगिताको फाइनलमा आयोजक क्लव पुग्न सफल

**खबर दर्पण समाचारदाता**

**वैशाख ४ गते, ढल्केवर**

नववर्ष २०८३ को अवसरमा धनुषाको लालगढमा सञ्चालन भइरहेको पाँचौं लालगढ युवा समाज कप फुटबल प्रतियोगितामा आयोजक लालगढ युवा समाज क्लब फाइनलमा प्रवेश गरेको छ।

“स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद” भन्ने मूल नाराका साथ २०८२ साल चैत्र २८ गतेदेखि सुरु भएको प्रतियोगिताअन्तर्गत वैशाख ४ गते सम्पन्न सेमिफाइनल खेलमा लालगढ युवा समाज क्लबले बेलगाछी युवा क्लब, महोत्तरीलाई पराजित गर्दै फाइनलमा पुग्न सफल भएको हो ।लालगढस्थित प्रगति टोलको फुटबल मैदानमा भएको निकै प्रतिस्पर्धात्मक खेल निर्धारित समयमा बराबरी भएपछि पेनाल्टी सुटआउटमा गएको थियो। पेनाल्टीमा लालगढ युवा समाज क्लबले ५ गोल गर्दै जित हात पार्दा बेलगाछी युवा क्लबले ४ गोलमा सीमित रहन पुग्यो। लालगढ युवा समाज क्लबका ऋतिक श्रेष्ठ, सोहन लामा, सरोज लामा, मानव भण्डारी, क्रिस भण्डारी, उर्गेन लामा, अर्जुन मगर, अभिषेक सुवेदी, आकाश श्रेष्ठ, दिपेन्द्र बिक, सञ्जीव कार्की, अभि श्रेष्ठ र गणेश मगर लगायतका खेलाडीहरूको उत्कृष्ट प्रदर्शन देखिएको थियो। टिमका प्रशिक्षक



सुमन घिमिरे र व्यवस्थापक निशान लामाले टोलीलाई सफलतापूर्वक नेतृत्व गरेका छन्।

त्यस्तै बेलगाछी युवा क्लब महोत्तरीका रुपेन यादव, अरुण मगर, आयुष मगर, आदित्य मगर, सुनिल राना, राम भुजेल, रोशन मगर , अरुण दनुवार, सबिर श्रेष्ठ, नवराज पौडेल, रञ्जित पासवान, नरेश सदा, पूर्व कार्की, विवस चौधरी र क्रिस घलेले खेलमा सहभागिता जनाएका थिए। टोलीका प्रशिक्षक अनिस थापा मगर र व्यवस्थापक भुवन श्रेष्ठ रहेका छन्।प्रतियोगिताको फाइनल खेल वैशाख ७ गते हुने आयोजकले जनाएको छ। प्रतियोगितामा विजेता हुने टोलीलाई नगद ३० हजार रुपैयाँ, ट्रफी र मेडल सहित पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ।

# ढल्केवरमा उद्योगमा भीषण आगलागी

**खबर दर्पण समाचारदाता**

**वैशाख ४ गते, ढल्केवर**

धनुषाको मिथिला नगरपालिका-७ स्थित ढल्केवरमा रहेको जनकपुर रिफाइनरी इण्डष्ट्रिजमा बिहीबार राति भीषण आगलागी हुँदा करिब १५ करोड रुपियाँ बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ।

उद्योगका प्रबन्धक सञ्जय गुप्ताका अनुसार राति करिब १० बजे सुरु भएको आगलागीका कारण उद्योगका विभिन्न संरचना तथा उपकरणमा ठूलो क्षति पुगेको छ। आगलागीबाट विशेष गरी स्टिम र थर्मोफुल गरी दुईवटा प्रसोधन मेसिनमा गम्भीर क्षति पुगेको र ती पूर्णरूपमा प्रयोग गर्न नसकिने अवस्थामा पुगेका उहाँले बताउनुभयो।

जनकपुर, महेन्द्रनगर र ढल्केवर बाट खटिएका पाँचवटा वारुणयन्त्र, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा नेपाली सेनाको संयुक्त प्रयासमा करिब दुई घण्टापछि आगो नियन्त्रणमा लिइएको थियो।

प्रबन्धक गुप्ताका अनुसार क्षतिको यकिन विवरण सङ्कलन गर्न अझै दुईदेखि तीन दिन लाग्नेछ।

इलाका प्रहरी कार्यालय ढल्केवरका प्रहरी निरीक्षक लक्ष्मण केसीले आगलागीको कारण हालसम्म खुल्न नसकेको र घटनाबारे अनुसन्धान भइरहेको जानकारी दिनुभयो।


## व्यक्तिगत घटना दर्ता सप्ताह

**२०८३ साल बैशाख १ देखि ७ गतेसम्म**

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाईंसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं / गराऔं ।

**मटिहानी नगरपालिका, महोत्तरी**

## व्यक्तिगत घटना दर्ता सप्ताह

**२०८३ साल बैशाख १ देखि ७ गतेसम्म**

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाईंसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं / गराऔं ।

**औरही नगरपालिका, महोत्तरी**

योग एक प्राचीन अभ्यास हो । यसले शरीर, मन र आत्मालाई सन्तुलनमा राख्न मद्दत गर्छ ।

**योगका फाइदाहरू**

शारीरिक स्वास्थ्य सुधार: शरीर लचिलो र बलियो बनाउँछ
मानसिक शान्ति: तनाव, चिन्ता र डिप्रेसन कम गर्छ
रोग प्रतिरोधात्मक क्षमता बढाउँछ
निद्रा सुधार गर्छ
ध्यान केन्द्रित गर्न सहयोग गर्छ

**ध्यान दिनुपर्ने कुराहरू**

खाली पेट वा हल्का खाना खाएपछि मात्र योग गर्नुहोस्
शुरुवातमा सजिला आसनहरूबाट अभ्यास सुरु गर्नुहोस्
दीर्घ रोग वा स्वास्थ्य समस्या भएमा चिकित्सकको सल्लाह लिनुहोस्
नियमित अभ्यास गर्नु अत्यन्त आवश्यक छ
सामान्यतया बिहानको समयमा योग गर्नु उत्तम मानिन्छ।
यसले दिनभर ऊर्जा र सकारात्मकता दिन्छ।

अनुरोधकर्ता :

**जनकपुरधाम उपमहानगरपालिका**

धनुषा , जनकपुरधाम
मधेश प्रदेश

**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT. LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**

मेनरोड बर्दिवास, महोत्तरी

044-550255


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव ‘यदुवंशी’ (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,